# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

REACHING NATIONS

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKODA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXIV | FEBRUARY 2024 | No. 02


**पवित्र बाइबल**

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

**परमप्रभुको प्रशंसा**

**भजनसंग्रह ११२:१-१०**

१. परमप्रभुको प्रशंसा गर। त्यो मानिस धन्यको हो, जसले परमप्रभुको भय मान्दछ र उहाँ आज्ञाहरूमा ज्यादै प्रसन्न हुन्छ ।

२. त्यसको वंश देशमा शक्तिशाली हुनेछ, सोझा मानिसहरूको पुस्ताले आशिष् पाउनेछ ।

३. त्यसको घरमा धनसम्पत्ति रहन्छ र त्यसको धार्मिकता सदा रहिरहन्छ ।

४. सोझा मानिसहरूका निम्ति र साथै अनुग्रही, करुणामय र धर्मी मानिसहरूमा निम्ति अन्धकारमा पनि ज्योति उदय हुन्छ ।

५. उदार-चित्तले ऋण दिने र इमानदारीसाथ आफ्नो कारोबार चलाउने मान्छेको भलो हुन्छ ।

६. धर्मी जन कहिले पनि डगमगाउँदैन, त्यसको सम्झना सदासर्वदा रहनेछ ।

७. अशुभ समाचारले त्यो कहिले पनि डराउँदैन, परमप्रभुमा भरोसा गरेर त्यसको हृदय स्थिर रहन्छ ।

८. त्यसको हृदय सुरक्षित रहन्छ र त्यो डराउनेछैन । अन्त्यमा त्यसले आफ्ना शत्रुहरूलाई विजयमा हेर्नेछ ।

९. त्यसले उदारतासाथ दरिद्रहरूलाई दान दिएको छ, त्यसको धार्मिकता सधैंभरि दिगो रहन्छ, सम्मानपूर्वक त्यसको शिर उच्च राखिनेछ ।

१०. दुष्ट मानिस यो देखेर कुडिन्छ, त्यसले दाह्रा किट्नेछ अनि नष्ट हुनेछ । दुष्ट मानिसको अभिलाषा निष्फल हुन्छ ।

# परमेश्वरको हात भलाइको निम्ति तपाईंमाथि रहेको छ !

**GOD'S HAND IS UPON YOU FOR GOOD!**

**सम्मानीय प्रधानसम्पादक, रेभ एन्जलीन सेल्भाकुमारी**



**...परमेश्वरको कृपालु हात ममाथि भलाइको निम्ति परेको थियो...** (नहेम्याह २:१८) ।

परमेश्वरको हातको धारणा रोचक छ । बाइबलको किङ जेम्स संस्करणमा "परमप्रभुको हात" भन्ने वाक्यांश ३९ पटक उल्लेख गरिएको छ, जसमा ३६ पटक पुरानो करारमा र ३ पटक नयाँ करारमा रहेको छ । यसका अतिरिक्त बाइबलमा "परमेश्वरको हात" भन्ने वाक्यांश १६ पटक उल्लेख भएको छ, पुरानो करारमा ७ पटक र नयाँ करारमा ९ पटक ।

परमेश्वरको हातको ठूलो महत्व पुरानो करारको समयमा मात्रै होइन तर आज पनि रहेको छ । हाम्रो जीवनमा परमेश्वरको हात किन यति धेरै महत्व रहेको छ ?

- प्रेरित ७:५० ले बताउँछ कि उहाँले **आफ्नो हातले** हरेक थोक बनाउनुभयो ।
- याबेश यो महत्वको बारेमा जानकार थिए, त्यसकारण तिनले भने, "तपाईंको हात ममाथि रहोस् ।" हाम्रो जीवनका हरेक क्रियाकलाप र हरेक क्षेत्रमा हामीसँग परमेश्वरको हात

*बाँकी पृष्ठ ३ मा*


**बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल**



## यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।


**५ मिनेटको सन्देश**

**अंग्रेजी र हिन्दी, तामिल र तेलगू**

**हरेक दिन: बिहान २ बजे देखि**

**तामिल आइतवार सेवा: बिहान ८:३० बजे**

**बोलावटको प्रतिध्वनि** सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



REACHING NATIONS

# तपाईंको प्रिय भाइबाट....



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।


**HON. EDITOR-IN-CHIEF**
Rev. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.

**MANAGING EDITOR**
Pastor Alex Samson Sam, B.Th., M.Div.

**GENERAL MANAGER**
Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM., MBA.

**ADMINISTRATION**
Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)

**EDITORIAL BOARD**
Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Sis. L. Mariya Anjalin, M.A., M.Sc., B.Ed.
Rev. Dr. K.R. Rajasekaran

**EDITOR, PUBLISHER & PRINTER**
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858 95661 31858

**E.MAIL**
sam@echoofhiscall.org
biblecor@yahoo.co.in

**WEBSITES**
www.echoofhiscall.org
www.stpaulsmatriculation.com

**YOUTUBE CHANNEL**
Echo of His Call


## तपाईंले नदीका दुवैतिर धेरै रूखहरू देख्नुहुनेछ (इजकिएल ४७:७) ।

येशू ख्रीष्टमा प्रिय मित्रहरू,

हाम्रो प्रभु र मुक्तिदाता, येशू ख्रीष्टको अमूल्य नाउँमा तपाईंलाई न्यानो अभिवादन !

**बोलावटको प्रतिध्वनिको** विविध क्रियाकलापहरूका निम्ति तपाईंको अविरल प्रार्थना र सहायताको निम्ति हामी तपाईंप्रति हाम्रो हार्दिक कृतज्ञता प्रकट गर्दछौं । तपाईंको समर्पणतालाई परमेश्वरले निश्चय नै इनाम दिनुहुनेछ ।



*St. Paul's Matriculation School Teachers*

हालैको पर्वको मौसमको सन्दर्भमा (ख्रीष्टमस, नयाँ वर्ष र आइतवार स्कूलको वार्षिक कार्यक्रमहरू) हामीले सान्थोसापुरम, बालाजी नगर, भेलाचेरी र अन्य स्थानहरूका वरिपरि र विभिन्न स्थानहरूमा सुसमाचारीय आउटरीच बैठकहरू आयोजना गरेका थियौं । प्रतिक्रिया वास्तवमै उत्साहजनक थियो किनकि परमेश्वरको



*Senior Pastor's Field Ministry in villages*

**Our Ministries:** ☼ ECHO OF HIS CALL Monthly Magazines (16 languages) ☼ BIBLECOR - Postal Courses (3 languages) ☼ YouTube Ministry ☼ Online Courses ☼ Theological Correspondence Courses (2 languages) ☼ Church Planting ☼ Nehemiah Bible Colleges ☼ Gospel Printing Press ☼ Great Commission Partners ☼ St. Paul's Matriculation School ☼ Crusades ☼ Community Development



*Pastor Sam with Team working for Accreditation from ATA*

उपस्थितिले मानिसहरूको हृदय छोएको थियो । नयाँ वर्षमा हाम्रो आउने कार्यक्रमहरूका निम्ति तपाईंको निरन्तर प्रार्थनाको निम्ति हामी तपाईंलाई विनम्रतापूर्वक आग्रह गर्दछौं ।

हाम्रो **नहेम्याह बाइबल कलेजको** निम्ति **एसिया थियोलोजिकल असोसिएसन (एटिए)** बाट सम्बन्धन प्राप्त गर्ने प्रक्रिया भइरहेको छ भनेर तपाईंलाई जानकारी दिन हामी आनन्दित छौं । यो प्रक्रियाको सफलतापूर्वक सम्पन्नको निम्ति तपाईंको प्रार्थना अत्यन्तै जरुरी छन् । यसका अतिरिक्त, हाम्रो **नहेम्याह बाइबल कलेज** पुस्तकालयको निम्ति हिन्दी भाषामा ईश्वरशास्त्रीय पुस्तकहरूको खाँचो रहेको छ । तपाईंसँग त्यस्तो स्रोतहरूमा पहुँच छ भने यो कुरामा तपाईंको सहायताको निम्ति हामी आग्रह गर्दछौं ।

विगतको वर्षलाई फर्केर हेर्दा हाम्रा केही सहकर्मीहरूले स्वास्थ्यको चुनौती सामना गर्नुभएको थियो । प्रार्थनाको शक्तिद्वारा परमेश्वरले उहाँहरूलाई निको पार्नुभयो, जबकि अन्य केही अझै पनि तपाईंको निरन्तरको प्रार्थनाको खाँचो रहेको छ । जसै हामी अघि बढ्छौं, हामीले गर्ने कामको निम्ति तपाईंको निरन्तरको प्रार्थना हामी इमानदारीपूर्वक खोज्दछौं । हामीले तपाईंलाई पनि आफ्नो प्रार्थनामा उचालिरहेका छौं भन्ने कुरामा कृपया निश्चित हुनुहोस् ।

कृतज्ञता र आशिष्को साथमा,
खीष्ट येशूमा तपाईंका सेवकहरू,

*पा. एलेक्स सामसन साम*
*पा. एस. साम सेल्भाराज*

(+91) 98412 71858 / 98410 71858,
E.mail : sam@echoofhiscall.org

*पृष्ठ १ बाट*

हुन्छ भने मात्रै त्यसले महत्वपूर्ण भिन्नता राख्दछ । हामीमध्ये कति जनाले यस्तो भन्न सक्छ ?

- **"मेरो समय तपाईंको हातमा रहेको छ"** (भजनसंग्रह ३१:१५) ।
- **"हामी परमेश्वरका हातका सीप हौं"** ( भजनसंग्रह १३८:८) ।
- **"हाम्रो जीवनको श्वास उहाँको हातमा छ"** (दानिएल ५:२३) ।
- **"स्वर्गले उहाँको हातको कार्य घोषणा गर्दछ"** (भजनसंग्रह १९:१) ।
- "जब तपाईं र मैले आपसमा हात मिलाउँछौं, परमेश्वरको हातमा मेरो हात राख्नाले महत्वपूर्ण भिन्नता ल्याउनेछ ।"

परमेश्वरको हातले गर्न सक्ने केही थोकहरूमा हामीले विचार गरौं ।

## १. सृष्टि गर्ने हात !

परमेश्वरको हात सृष्टिको हात हो । उहाँले अस्तित्वमा नभएको थोकहरू सृष्टि गर्न सक्नुहुन्छ । **उहाँले अस्तित्वमा नभएका थोकहरूलाई अस्तित्वमा ल्याउनुहुन्छ** (रोमी ४:१७) । उहाँको हातले नयाँ थोकहरू सृष्टि गर्न सक्नुहुन्छ । उहाँ सृष्टिकर्ता हुनुहुन्छ । त्यति मात्रै होइन, उहाँको हातले मृत कुरालाई जीवनमा फिर्ता ल्याउन सक्नुहुन्छ । जब उहाँको हातले मृत, जीवनहीन वा भविष्य नभएको जस्तो देखिने थोकलाई छुनुहुन्छ, उहाँको हातले त्यसलाई जीवनमा फिर्ता ल्याउन, पुनर्जीवित पार्न र फल्दैफुल्दो बनाउन सक्नुहुन्छ । उहाँको हातको शक्ति त्यस्तो छ । जब उहाँको हातले नाइनकी विधवाकी छोरोलाई छोएको थियो, ऊ जीवित भएको थियो । उहाँले तिनको छोराको जीवन फिर्ता मात्रै ल्याउनुभएको थिएन तर उहाँले तिनको आशा, आनन्द र विश्वास पुनर्स्थापित गर्दै तिनको जीवनमा भएको मृत अवस्थालाई जागृत गर्नुभएको थियो ।

जब उहाँको छुवाइले तिनको जीवनमा ताजा उद्देश्य दिएको थियो, तब तिनको अस्तित्वले नयाँ अर्थ धारण गरेको थियो । जसै उहाँ अघि जानुभयो र **कफिनलाई छुनुभयो,** बोक्ने मानिसहरू रोकिए । येशूले मरेको मानिसलाई सम्बोधन गर्नुभयो, भन्नुभयो, **ए युवक, म तिमीलाई भन्दछु, उठ । तब मृत मानिस उठेर बस्यो र बोल्न लाग्यो । येशूले त्यसलाई आमाको जिम्मा लगाउनुभयो** (लूका ७:१४,१५) ।

जसै हामी अझै पनि यो वर्षको सुरुवाती चरणमा छौं, अगाडि रहेका चुनौतिहरूका बारेमा अनिश्चयता महसुस गर्नु स्वाभाविक हो । तपाईंले बाटो अन्त्य भएको महसुस गर्नुभएको हुन सक्छ र कुनै बाटो छ वा अब के गर्ने भनेर अचम्म मानिरहनुभएको हुन सक्छ । अहिले एक महिना मात्रै भएको छ, वर्तमान घटनाहरूले वर्षको बाँकी रहेका समयको बारेमा चासो उत्पन्न गरेको हुन सक्छ । मैले कसरी यसलाई सम्हाल्न लागेको छु ?

प्रिय मित्रहरू, तपाईंको जीवनका मृत क्षेत्रहरूमा जीवनको श्वास फुक्न परमेश्वरलाई अनुमति दिनु महत्वपूर्ण छ । तपाईं बाँझो र अनुत्पादनशी हुनुहुन्छ भनेर स्वीकार गर्नुहोस् र त्यसपछि ती सबै जागृत गर्न परमेश्वरलाई अनुमति दिनुहोस् । यस प्रक्रियामा स्वमनन र महसुस समावेश हुन्छ ।

## २. सन्तुष्ट गर्ने हात !
### भजनसंग्रह १४५:१६

**तपाईंले आफ्नो मुट्ठी खोल्नुहुन्छ र सबै प्राणीहरूका मनोरथ सन्तुष्ट पार्नुहुन्छ** (भजनसंग्रह १४५:१६) ।

परमेश्वरको हात सन्तुष्टिको स्रोत हो। आफ्ना मानिसहरूको मनोरथ पूरा गर्नमा उहाँ आनन्द गर्नुहुन्छ। भजनसंग्रह १४५:१९ ले भन्दछ, **उहाँको भय मान्नेहरू सबैका मनोरथ उहाँले पूरा गर्नुहुन्छ।** यसका अतिरिक्त, भजनसंग्रह ३७:४ मा, **परमप्रभुले तिम्रो हृदयका मनोरथ पूर्ण गर्नुहुनेछ।** धेरै समयमा जब हामीले यो पद पढ्छौं, हाम्रो हृदयमा आउने हरेक मनोरथलाई परमेश्वरले पूरा गर्नुहुन्छ भनेर हामीले आशा गर्दछौं। तापनि, जब हामीले चाहेका कुरा प्राप्त गर्दैनौं, हामी निरास बन्छौं र परमेश्वरले आफ्नो प्रतिज्ञा पूरा गर्नुभएन भनेर गनगन गर्छौं।

प्रिय मित्रहरू, जब हामीले यो पद पढ्छौं, हामीलाई सन्तुष्ट गर्ने परमेश्वर मात्रै हुनुहुन्छ भनेर हामीले बुझ्नुपर्छ तर योचाहिँ उहाँको भय मान्नेहरूका निम्ति हो। किनभने उहाँको भय मान्नेहरूका चाहना र मनोरथ उहाँमा मिलेको हुन्छ। जब परमेश्वरले इस्राएलीहरूलाई मिश्रबाट अगुवाइ गर्नुभयो, तिनीहरूले मासु खाने चाहना गरे। तिनीहरूको खानेकुराको चाहनामा म पनि त्यस्तै छु भनेर म विश्वास गर्छु। मलाई मासुका परिकारहरू मन पर्छ र त्योबिना खाना खान म चुनौतीको महसुस गर्छु। स्वर्गीय खानेकुरामा इस्राएलीहरूको असन्तुष्टि भए पनि परमेश्वरले तिनीहरूका चाहना पूरा गर्नुभयो। त्यस्तै गरी, हरेक सम्भव भएका तरिकामा परमेश्वरले हामीलाई सन्तुष्ट पार्न मन पराउनुहुन्छ तर यो सन्तुष्टि उहाँको भय मान्ने र उहाँमा आनन्द गर्नेहरू र आफ्ना मार्गहरू परमप्रभुमा समर्पित गर्नेहरूका निम्ति रहेको छ। किनभने तिनीहरूका विचारमा एकता रहेको हुनेछ। परमप्रभुको भय मान्ने व्यक्तिले सधैं परमेश्वरको मन र हृदय बुझ्दछ। तपाईं आफ्नो अवस्थासँग सन्तुष्ट हुनुहुन्छ भने तपाईंले आफ्नो जीवनमा परमेश्वरको शक्तिशाली सन्तुष्ट पार्ने हातको गवाही बन्नुहुनेछ।

## ३. थाम्नुहुने हातहरू ! भय छैन

**परमप्रभुलाई मानिसको मार्ग मन पर्‍यो भने उहाँले त्यसका पाइला दह्रिला पार्नुहुन्छ। त्यसलाई ठेस लाग्यो भने पनि त्यो लोट्दैन किनकि परमप्रभुले आफ्नो हातले समातेर त्यसलाई थाम्नुहुन्छ** (भजनसंग्रह ३७:२३-२४)। जब धर्मीहरू लड्छन्, परमेश्वरको हातले तिनीहरूलाई थाम्नुहुन्छ।

**यसैले नडरा किनकि म तँसित छु। निरुत्साहित नहो किनकि म तेरा परमेश्वर हुँ। म तँलाई बलियो पार्नेछु। म तँलाई सहायता गर्नेछु। मेरो धार्मिकताको दाहिने हातले म तँलाई समाल्नेछु। किनकि म, परमप्रभु तेरा परमेश्वर हुँ, म तेरो दाहिने हात समात्छु र तँलाई यसो भन्छु, नडरा, म तँलाई सहायता गर्नेछु** (यशैया ४१:१०,१३)।

म आफ्नो युवावस्थाको समयलाई सम्झन्छु, जब म बुबासँग भारतको दक्षिणी भागमा भएको नागेरकोलीमा मिसनको यात्रामा गएको थिएँ। घर फर्कने समयमा हामीलो करिब ६०० कि.मी. यात्रा गर्नुपर्थ्यो र समुद्र वा नदी (कुन हो भनेर म निश्चित छैनँ) माथि भएको पुल पार पर्नुपर्थ्यो। मेघ गर्जन र आँधीबेहरीको साथमा पानी परिरहेको थियो। जब बस पुल पार गर्दैथियो, त्यो हल्लिरहेको र पानीको छल माथिसम्मै आएको महसुस गर्न सक्थें। म अत्यन्तै डराएको थिएँ। त्यसपछि मलाई समातिरहेको न्यानो हात मैले महसुस गरें। त्यो मेरो बुबाको हात थियो। मेरो निम्ति त्यही नै पर्याप्त थियो। उहाँले समात्नुभएको तरिकाले नै मलाई महसुस गरायो कि उहाँले मलाई भनिरहनुभएको थियो, "नडराऊ। म तिमीसँग छु। तिमीलाई केही कुराले पनि छुँदैन।" मेरो बुबाले यी शब्दहरू बोल्नुपरेको थिएन तर उहाँले जसरी थाम्नुभएको थियो, त्यही कुराले मलाई सुरक्षित महसुस गराएको थियो र मैले डरको अनुभव गरिनँ।

प्रिय मित्रहरू, जब म यो पद पढ्छु, "परमप्रभुले आफ्नो हातले उसलाई थाम्नुहुन्छ," म सम्झन्छु, जब परमप्रभुले तपाईं र मलाई आफ्नो शक्तिशाली हातले थाम्नुहुन्छ, हामीले चिन्ता गर्नु जरुरी छैन। हाम्रा हात कसले थाम्नुभएको छ भनेर थाहा पाउने कुरामा हामी निश्चिन्त होऔं। सबै समझलाई भियाउने शान्ति हुनेछ। त्यही शान्ति, जुन पावल र सिलासले महसुस गरेका थिए, जुन कुराले तिनीहरूका हात र गोडा बाँधिए पनि, पिटाइ खाए पनि, आशा गरिएका कुराको निम्ति पर्खिए पनि तिनीहरूलाई गीत गाउने बनाएको

....Contd. to page 6

**RESIDENTIAL BIBLE COURSE**
**NEHEMIAH BIBLE COLLEGE, Chennai.**

Medium : Hindi

*Registered Candidate for Membership*
Asia Theological Association (ATA)

Recognised by International Christian Leaders & Senior Pastors for the past 54 years

**Certificate in Ministry**
**Diploma in Theology**

Qualification : 10th Standard & above
**Rush for admission!**

**Contact : The Chairman, Nehemiah Bible College.**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

★ ONLINE CLASSES ARE AVAILABLE ★

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

## बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

PRAISE & PRAYER POINTS - From February 19 To March 18, 2024

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

## परमेश्वरलाई प्रशंसा गरौं...

फेब्रुअरी १९: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारहरूमाथि उहाँको कृपाको निम्ति ।

फेब्रुअरी २०: सुसमाचार नपुगेका बहुभाषिक मानिसहरूसम्म पुग्न हाम्रो **Echo of His Call यूट्यूब च्यानललाई** आशिष् दिनुभएको निम्ति ।

फेब्रुअरी २१: हाम्रो **बोलावटको प्रतिध्वनिका** सहसम्पादकहरू र उहाँका परिवारहरूका निम्ति ।

फेब्रुअरी २२: हाम्रा कर्मचारीहरूमाथि प्रशस्त आशिष् खन्याउनुभएको निम्ति ।

फेब्रुअरी २३: हाम्रो छापाखानामा १६ वटा भाषामा हाम्रा समाचारपत्र छाप्न र प्रकाशन गर्न र मिसनको क्षेत्रमा ती पठाउन हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

फेब्रुअरी २४: हाम्रो बाइबल पत्राचार कोर्स र ईश्वरशास्त्रीय पत्राचार कोर्सको वृद्धिको निम्ति ।

फेब्रुअरी २५: मुख्य मण्डली र शाखा मण्डलीहरूमा हाम्रो आइतवारको सेवामा परमेश्वरको वचनमा भएको शक्तिको निम्ति ।

फेब्रुअरी २६: हाम्रो साझेदारहरूको नैतिक र आर्थिक सहायताको साथमा हामीलाई आशिष् दिनुभएको निम्ति ।

फेब्रुअरी २७: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारलाई सबै प्रकारका दुष्टका शक्तिबाट सुरक्षा दिनुभएको निम्ति ।

फेब्रुअरी २८: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेज र बाइबल पत्राचार कोर्समा** उहाँको आशिष्को निम्ति ।

फेब्रुअरी २९: अघिल्लो महिनामा हाम्रा आवश्यकता पूरा गरिदिनुभएको निम्ति ।

मार्च १: हाम्रो **बोलावटको प्रतिध्वनि सेवकाइहरूमा** भएका कर्मचारी र उहाँका परिवारहरूलाई दिनुभएको सुरक्षाको निम्ति ।

मार्च २: हाम्रा सबै मण्डलीका क्रियाकलापहरूमा महत्वकांक्षाको साथमा जवानहरूको सहभागितामा आशिष्को निम्ति ।

मार्च ३: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको** प्रधानाध्यापक, शिक्षकहरू र अन्य कर्मचारी सदस्यहरूमाथि आशिष्को निम्ति ।

## कृपया प्रार्थना गरौं...

मार्च ४: सबै देशहरूको एकता र शान्तिको निम्ति ।

मार्च ५: हाम्रा साझेदारहरू र प्रान्तीय संयोजकहरूका निम्ति ।

मार्च ६: भारतका सुसमाचार नपुगेका स्थानहरूमा सुसमाचार फैलाउन हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

मार्च ७: हाम्रा सबै सेवकाइका क्रियाकलापहरूका निम्ति ।

मार्च ८: यो महिना हाम्रा सबै आवश्यकताहरू प्रभुले पूरा गरिदिनुभएको होस् ।

मार्च ९: हाम्रा अंग्रेजी सहसम्पादक बहिनी सजनी चेरिअनको स्वास्थ्यको निम्ति ।

मार्च १०: नयाँ भेरियन्ट कोभिडबाट सबै देशहरूका निम्ति ईश्वरीय सुरक्षाको निम्ति ।

मार्च ११: हरेक देशका बालबालिका र युवाहरूले आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा येशू खीष्टलाई ग्रहण गरून् ।

मार्च १२: आफ्नो जीवनी लेख्नमा हाम्रो सिनियर पास्टरको सफलताको निम्ति ।

मार्च १३: वृद्धाश्रममा भएका वृद्धहरूका निम्ति ।

मार्च १४: अनलाइन गेमिङको दुर्व्यसनीबाट संसारका बालबालिका र युवाहरूलाई सुरक्षाको निम्ति ।

मार्च १५: हाम्रा सहसम्पादकहरू र उहाँका परिवारका सदस्यहरूका निम्ति ।

मार्च १६: सबै देशहरूमाथि उहाँको आशिष् र तिनीहरूको आर्थिक विकासको निम्ति ।

मार्च १७: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँका परिवारका सदस्यहरूलाई सबै प्रकारका दुष्ट शक्तिहरूबाट सुरक्षाको निम्ति ।

मार्च १८: संसारभरि भएका सबै मिसनरीहरूको ईश्वरीय सुरक्षाको निम्ति ।

पृष्ठ ४ बाट

थियो। सोही शान्ति हिब्रू दाजुभाइहरूले महसुस गरेका थिए, जब तिनीहरूलाई आगोमा फालिएको थियो । जबसम्म हाम्रा हातहरू परमेश्वरको शक्तिशाली हातले थामिएका छन्, हामी कुनै पनि स्थानमा हिँड्न सक्छौं । भजनसंग्रहका लेखकले भन्छन्, **हो, मृत्युको अन्धकारमय घाटी भएर जानुपरे पनि म कुनै खतरादेखि डराउनेछैनँ** (भजनसंग्रह २३:४) ।
जब तपाईं यो वर्षको बाँकस समयबाट गुज्रिनुहुन्छ, उहाँले तपाईंको हात थामिरहनुभएको छ भनेर जानेर कुनै पनि अवस्था सामना गर्न परमेश्वरले तपाईंलाई सामर्थ्य दिनुहुनेछ भनेर म प्रार्थना गर्दछु ।
यो यात्रामा तपाईं एक्लै हुनुहुन्न । तपाईंको विगत, तपाईंको वर्तमान र तपाईंको भविष्य जान्नुहुने कोही तपाईंको साथमा हुनुहुन्छ । उहाँ तपाईंको भविष्यमा पहिले नै हुनुभएको हुनाले के हुन लागेको छ भनेर तपाईंले चिन्ता गर्नुपर्दैन । उहाँले मलाई थाम्नुहुन्छ भने उहाँले नै मलाई बाहिर पनि निकाल्नुहुनेछ !

## ४. शक्तिशाली हातहरू !

उहाँको हात शक्तिशाली छ- तपाईंको पक्षमा भएर यसले तपाईंलाई विजय दिन्छ वा तपाईंको विरुद्धमा यसले लडाइँ गर्नेछ ।
यशैया १९:१६ ले भन्दछ, **त्यस दिन मिश्रीहरू स्त्रीहरूजस्तै हुनेछन् । सर्वशक्तिमान परमप्रभुले तिमीहरूका विरुद्धमा उठाउनुभएको हातबाट तिनीहरू डरले थरथर काम्नेछन् ।**
परमेश्वरको हातको विरुद्धमा कोही पनि खडा हुन सक्दैन ! यो तपाईंको विरुद्धमा छैन भनेर निश्चित हुनुहोस् ! जबसम्म परमेश्वरको हात तपाईंको पक्षमा हुन्छ, तपाईं सुरक्षित हुनुहुन्छ तर यो तपाईंको विरुद्धमा छ भने हामी केही बन्नेछैनौं ।

## परमेश्वरको हात कहिले हाम्रो विरुद्धमा आउँछ ?

प्रेरित १३:८-११ **ले जादूगर एलुमासको कथा बताउँछ, जसले तिनीहरूको विरोध गरे र नयाँ विश्वासीलाई विश्वासबाट फर्काउने कोसिस गरेको थियो । पावलले भने, "अब हेर, प्रभुको हात तँमाथि परेको छ र तँ अब केही समयसम्म घामको प्रकाश नदेख्ने भई अन्धो हुनेछस् ।" अनि उत्तिखेरै कुइरो र अन्धकारले त्यसलाई छोप्यो ।**
आफ्नो शक्तिशाली हातले परमेश्वरले सुसमाचारका शत्रुहरूको न्याय गर्नुहुन्छ । जब हामीले परमप्रभुको कामको विरोध गर्छौं, जब हामीले परमप्रभुको काम रोक्न बोल्छौं, परमेश्वरको हात हाम्रो विरुद्धमा आउँछ । परमेश्वरको मानिसको विरुद्धमा नबोल्नुहोस् । सन्देशहरू फैलाउन रोक्नुहोस् । कुरा काट्ने काम रोक्नुहोस् ! परमेश्वरको काम वा परमेश्वरका जनको विरुद्धमा नबोल्नुहोस् । त्यसलाई परमेश्वरले नै सामना गर्न छोडौं । हामीमध्ये केही अन्धकारमा जिइरहेका छौं किनभने परमेश्वरले हाम्रा आँखा बन्द गरिदिनुभएको छ किनकि हामी परमेश्वरको काममा बाधा भइरहेका छौं । आज मनन गरौं, तपाईंले कुनै तरिकामा बाधा गर्नुभएको, रोक्नुभएको छ कि- त्यो हाम्रो कार्यहरू, शब्दहरू, हामीले गरेका कुनै काम वा हामीले नगरेका केही कुरा- के त्यसले परमेश्वरको कामलाई रोकेको छ ? त्यसो हो भने हामी सावधान हुनु जरुरी छ किनभने परमेश्वरको हात हाम्रो विरुद्धमा रहेको छ ।
परमेश्वरको हात हाम्रो पक्षमा छ भने त्यसले हामीलाई विजय दिन्छ । **परमप्रभुको निम्ति एउटा नयाँ भजन गाओ किनकि उहाले अचम्मका कामहरू गर्नुभएको छ, उहाँको दाहिने बाहुली र उहाँको पवित्र पाखुराले उहाँको निम्ति उद्धारको काम गरेका छन्** (भजनसंग्रह ९८:१) ।
परमेश्वरका प्रिय सेवकहरू, कहिलेकाहीं, बाटो एक्लो, लामो र कठिन हुन सक्छ । तपाईंले गर्नुभएको मेहेनेत स्वीकार नगरिएको तपाईंले के महसुस गर्नुभएको छ ? मानिसहरूले तपाईंमा भएको खतलाई नदेखेका हुन सक्छन् तर येशू सोही मार्गबाट जानुभएको थियो । उहाँलाई इन्कार गरिएको थियो, आलोचना गरिएको थियो, गिज्याइएको थियो, निरास बनाइएको थियो र एक्लै छोडिएको थियो । याद राख्नुहोस्, तपाईंलाई बोलाउनुहुने विश्वासयोग्य हुनुहुन्छ ! उहाँले तपाईंको निम्ति लडाइँ गर्नुहुनेछ । स्थिर रहनुहोस् ! हाम्रा सबै लडाइँ लड्ने परमेश्वर हामीसँग हुनुहुन्छ । उहाँलाई पराजयको बारेमा केही पनि थाहा छैन !

बाँकी पृष्ठ ८ मा

NEHEMIAH BIBLE
EVENING COLLEGE
Chepauk & Santhoshapuram, Chennai.
Medium :Tamil
Registered Candidate for Membership
Asia Theological Association (ATA)
Recognised by International Christian Leaders &
Senior Pastors for the past 54 years
Certificate in Ministry
Diploma in Theology
Qualification : 10th Standard & above
Rush for Admission!
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, BELLS ROAD, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## PLEASE PRAY FOR OUR MINISTRIES AT THE HEAD QUARTERS

1. Prayer Service : 24 hours
2. **BIBLECOR -** Bible Correspondence Courses : English, Tamil & Hindi
3. **ECHO OF HIS CALL** - Monthly Magazines : English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikan.
4. Nehemiah Bible Colleges (Three Centres) (Evening / Residential)
5. Theological Correspondence Courses: English & Tamil
6. Great Commission Partners (Network of Pastors)
7. Training Programmes
8. Crusades
9. Literature Distribution and Follow Up
10. Gospel Printing Press - Publications
11. St. Paul's Matriculation School - Village English High School
12. Sunday Schools : 8.30 a.m. & 4.00 p.m. Sunday
13. **Tamil Services : 8.00 a.m. & 10.00 a.m. Sunday**
14. **Hindi Service : 4.00 p.m. Sunday**
15. **Telugu Service : 5.00 p.m. Sunday**
16. **English & Tamil Service : 6.00 p.m. Sunday**
17. Women's Prayer : 5.30 p.m. Wednesday
18. Men's Prayer : 7.00 p.m. Friday
19. Discipleship Meeting : 6.00 p.m. Saturday
20. House Meetings : 6.30 p.m. Tuesday & Thursday
21. Special Holy Communion : 6.00 a.m. 1st day of each month
22. Ministers Review Meeting : 5.30 p.m. First Saturday
23. Parents' Prayer : 4.00 p.m. First Sunday
24. Night Prayer : 9.30 p.m. Second Friday
25. Fasting Prayer : 9:30 a.m. Third Saturday
26. Holy Communion : Second Sunday Services
27. Youth / Kid Prayer : 10.00 p.m. daily
28. Staff Devotion : 9.00 a.m. daily
29. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैहूखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं । तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ । तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ । **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन ।** यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ । यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ । १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ । तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ ।

**बिस्तृत जानकारीको लागिः**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, Post Box 2957
CHEPAUK, CHENNAI - 600 005.
Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,
Cell : 98410 71852, 95661 31858
E.mail : biblecor@yahoo.co.in

## निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, हवाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ । यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ । कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्न हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला ।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

## “जसले पढ्छ, त्यसले बुझोस्” (मत्ती २४:१५)।

## तिमीले सयौं गुणाले प्राप्त गर्नेछौ र अनन्त जीवनको उत्तराधिकारी हुनेछौ !

तिम्रो हातमा जे काम छ, त्यो आफ्नो पूरा शक्तिले गर । बतासको विचार गर्नेले कहिल्यै छर्दैन, बादलमा नजर राख्नेले कहिल्यै कटनी गर्दैन (उपदेशक ९:१०, ११:४) ।

बाइबल पत्राचार कोर्स र बाइबल कलेजद्वारा जीवनका सम्पूर्ण हिँडाइबाट मानिसहरूलाई बाइबलको गहन सत्यता सिकाउने मेरो चाहना पहिलेदेखि नै थियो। केही वर्षसम्म यो चाहना मेरा हृदयमा गहिरो प्रकारले गाडिएको, वृद्धि भइरहेको र चम्किरहेको थियो । तापनि मैले आफैंलाई असहाय महसुस गरें किनकि मैले आम्दानीको स्रोत वा मसँग जोडिने कोही व्यक्ति र मलाई निर्देशन दिने व्यक्त पत्ता लगाउन मैले संघर्ष गरिरहेको थियो। यो समयमा, मेरो परिवार र म गरिबी, ठूलो खाँचो, सुविधा नभएको अत्यन्तै सानो घरमा बसिरहेका थियौं ।

सन् १९८० मा मैले भारत बाइबल साहित्य भन्ने संस्थाबाट सुसमाचारको झोला प्राप्त गरें । सो झोला खोल्दा मैले केही सुसमाचारका पर्चाहरू र पत्राचार कोर्सका पुस्तकहरू पाएँ। जसै मैले ती पर्चाहरू र पत्राचार कोर्सलाई जाँच गरें, सोही कोर्सको पुस्तकहरू विभिन्न भाषाहरूमा भारतमा भएका मानिसहरूमा पुग्न प्रयोग गर्नमा म आकर्षित भएँ। मेरो पुरानो साईकल प्रयोग गर्दै तुरुन्तै भारत बाइबल साहित्यको कार्यालयमा म गएँ, जुन थाउजेन लाइटस्, चेन्नाइ-६ मा रहेको थियो ।

त्यहाँ मैले भेलु भन्ने जवान मानिसलाई भेटें, जसलाई श्रीमान भेलायूथाम पनि भनिन्छ, अहिले उहाँ कार्यकारी निर्देशक हुनुहुन्छ। उहाँले सावधानीपूर्वक पत्राचार कोर्स पुस्तकहरू प्याक गरेको र वितरण गरेको कामलाई अवलोकन गरेपछि उहाँसँगै त्यस्तै काम गर्न म उत्साहित भएको थिएँ। उहाँलाई आदर गर्दै, म बिस्तारै उहाँकहाँ गएँ र उहाँले मलाई केही कोर्सका पुस्तकहरू दिन सक्नुहुन्छ कि भनेर नम्रतापूर्वक सोधें । उहाँले मलाई जानकारी दिनुभयो कि हरेक पुस्तकको मोल ५० पैसा थियो (आधा रुपैयाँ)। म आर्थिक रूपमा कमजोर परिवारबाट भएको, सामान्य मासिक तलबमा सरकारी विभागमा काम गर्ने व्यक्ति थिएँ भनेर मैले उहाँलाई बताएँ । मेरो कुरा सुनेर उहाँले १० वटा पुस्तकहरू निःशुल्क दिने भन्नुभयो। तापनि, असन्तुष्ट भएर मैले आफैंलाई वितरण हलमा राखिएको पुस्तकहरूमा झ्यालबाट टोलाएर हेर्न थालें। केही पुस्तकहरूले मलाई बोलाइरहेको मैले महसुस गरें, तिनीहरूले मलाई नै बोलाइरहेका, तिनीहरूलाई लैजान र तिनीहरूका ज्ञान मैले चिनेका केही व्यक्तिलाई दिन मलाई यसरी बिन्ती गरिरहेका थिए कि तिनीहरूले ठूलो क्षमता राखेका थिए । त्यो स्थानमा मैले आफ्नो आँसुलाई रोक्न सकिनँ । अचानक, अर्को व्यक्ति त्यहाँ आए र मलाई सोधपुछ गरे, “तपाईं को हुनुहुन्छ ? तपाईं हाम्राले कार्यालयमा यति लामो समयसम्म किन घुमिरहनुभएको छ र भित्र टोलाइरहनुभएको छ ?” मैले बताएँ कि जीवित परमेश्वर येशू ख्रीष्टको सेवा गर्ने चाहनाको साथमा सीमित तरिकाहरू भएको मानिस म थिएँ र म केही पत्राचारका कोर्सको पुस्तकहरू किन्न चाहन्छु । ती प्राप्त गर्न पैसा ल्याउन भनी उहाँले मलाई निर्देशन दिनुभयो । यही कुरालाई आफ्नो मनमा राखेर मैले आफ्नो पुरानो साईकल, मेरो एउटै सम्पत्ति बेच्ने निर्णय गरें ।

मैले तुरुन्तै नजिकैको साईकल मर्मत पसलमा गएँ, जहाँ मैले १०० रुपैयाँमा मेरो साईकल बेचें र २०० वटा पत्राचार कोर्स पुस्तकहरू किनें। मेरो एउटै मात्र यातायातको साधन अलग भइसकेपछि थाउजेन्ड लाइटस्‌बाट मेरो घरसम्म हिँडेर जाँदा मैले आफ्नो काँध र टाउकोमा पुस्तकहरू बोक्नु परेको थियो, जसको दुरी करिब ५ किलोमिटर थियो। यस्तो गह्रौं भारी बोक्न अनुभवको कमीको कारण म चाँडै नै थकित भएँ । दुई वटा स्थानहरूमा भारी मेरो टाउको र काँधबाट फुस्केर सडकमा खस्यो, जसले मलाई असहाय बनाएको महसुस गराएको थियो । मैले संघर्ष गर्दैगर्दा मानिसहरूले मलाई गिज्याएको मैले सुनें । अन्त्यमा, म आफ्नो घरमा आइपुगें र मेरो सारा शक्तिमा पुस्तकहरू वितरण गर्न सुरु गरें ।

भाइ एम. पावलराजको सहायतामा, “नयाँ जीवन- तपाईंको निम्ति” भन्ने कोर्स सुरु गर्न परमेश्वरले मलाई सहायता गर्नुभयो र कालान्तरमा हामीले बोलावटको प्रतिध्वनि साँझको बाइबल कलेजहरू स्थापना गर्‍यौं ।

हो, मेरा प्रिय मित्रहरू, परमेश्वरको राज्यको निम्ति मैले आफ्नो पुरानो साईकलबाट अलग हुनुपर्ने समय थियो। त्यो शर्मको स्रोत थियो र मेरो परिवार र मित्रहरूले बेवास्ता र मूर्खताको कार्यको रूपमा हेरेका थिए। तापनि, आज, परमेश्वरले मलाई कारहरू र मलाई सहायता गर्न सक्षम व्यक्तिहरूको साथमा आशिष् दिनुभएको छ।

एक पटक, मैले व्यक्तिगत रूपमा सुसमाचारका पुस्तकहरू मेरो काँध र टाउकोमा बोक्नु परेको थियो। मेरो युवावस्थामा त्यो साँच्चै पीडादायी र अपमानित भएको अनुभव थियो। तर अब, सुसमाचारका साहित्यहरू

ढुवानी गर्न परमेश्वरले मलाई भ्यानहरू, मिनिबसहरू र कर्मचारी सदस्यहरू प्रदान गर्नुभएको छ ।
प्रिय मित्रहरू, तपाईं र तपाईंको भविष्यको निम्ति पनि परमेश्वरसँग अद्वितीय योजन छ । तपाईंसँग अझै पनि समय छ। तपाईंले कुनै पनि थोक परमप्रभुमा समर्पित गर्नुहुन्छ भने तपाईंले ठूलो इनाम पाउनुहुनेछ। तपाईंले आफ्नो प्रेरणाको स्रोतको रूपमा येशू ख्रीष्टलाई लिन सक्नुहुन्छ र राज्यमा केन्द्रित मनको साथमा सेवकाइमा तपाईंको महत्वपूर्ण केही कुरा लगानी गर्न छनोट गर्न सक्नुहुन्छ । तपाईंको जीवनमाथि परमेश्वरको आशिष्को अन्त्य कहिल्यै हुनेछैन ।
याद राख्नुहोस्,

**एउटा मात्रै जीवन, चाँडै बितेर जानेछ,**
**ख्रीष्टको निम्ति गरिएको काम मात्रै अन्त्यसम्म रहनेछ !**

*******


## Kind Attention: Echo of His Call Readers

Our 5 minute **Echo of His Call** YouTube messages are being broadcasted from 2.00 A.M. in Tamil, Telugu, English and Hindi (everyday). You can receive the Grace of God by watching the messages.

Moreover, save my mobile numbers (+91) 98410 71858, (+91) 98412 71858 (personal) in your mobile phones.

- Pr. S. Sam Selva Raj


*पृष्ठ ६ बाट*

त्यसकारण, हामीले विजय देख्नेछौं किनभने हाम्रो परमेश्वर शक्तिशाली योद्धा हुनुहुन्छ, जसले शक्तिशाली हातको साथमा लड्नुहुन्छ ।

## ५. आकार दिने हात !

अन्त्यमा, परमेश्वरको हात आकार दिने हात हो । उहाँ कुमाले हुनुहुन्छ र हामी माटो हौं । उहाँ हामीलाई आकार दिने परमेश्वर हुनुहुन्छ, कहिलेकाहीँ छिमलेर, कहिलेकाहीँ छेउमा सुधार गरेर र कहिलेकाहीँ नमीठो काम उहाँले गर्न सक्नुहुन्छ ताकि हामी हाम्रो स्वामीको निम्ति उपयोगी हुन सकौं ।
जब परमेश्वरले हामीलाई आकार दिनुहुन्छ, यो आरामदायी अनुभव हुँदैन । यसले चोट दिन्छ र हामी संवेदनशील भएको महसुस गराउँछ । तर यो समयमा हामीले आफैंलाई परमेश्वरको प्रशस्त बुद्धि र उहाँमाथि विश्वासमा समर्पित गर्नु जरुरी छ । परमेश्वरलाई सबै थोक थाहा छ भनेर हामीले सम्झनु जरुरी छ ।
हामीलाई आकार दिन परमेश्वरले हाम्रो जीवनमा परिस्थितिहरू र अवस्थाहरूलाई अनुमति दिनुहुन्छ । उहाँले हामीलाई आकार दिन मानिसहरूलाई पनि अनुमति दिनुहुन्छ । केही मानिसहरू क्रुर भएर, दिक्क बनाएर र आफ्नो वचनले घोचेर हामीलाई धैर्यताको बारेमा सिकाउन हाम्रो जीवनमा आउँछन् । हाम्रो चरित्र निर्माण गर्न परमेश्वरले हाम्रो जीवनमा केही मानिसहरूलाई अनुमति दिनुहुन्छ । हामीलाई छिमल्नको लागि केही समयको लागि मानिसहरू आउँछन् र परमेश्वरले राख्नुभएको लक्ष्य हामीले प्राप्त गर्ने बित्तिक्कै तिनीहरूले छोडेर जानेछन् । धेरै पटक हामीलाई छोडेर जाने मानिसहरूको निम्ति शोक गर्छौं, अनन्तकालीन धब्बा लिएर। मैले यसलाई कठोर प्रकारमा सिकेकी छु । मानिसहरू केही समयको लागि हाम्रो जीवनमा आउँछन् । केही पहिलो पृष्ठको लागि मात्रै हुन्छन्, केही पहिलो अध्यायको लागि मात्रै हुन्छन् र अत्यन्तै थोरै हाम्रो जीवनको कथाभरिका निम्ति हुन्छन्। त्यसैले, जब परमेश्वरले तपाईंको जीवनबाट निश्चित मानिसहरूलाई निस्कन अनुमति दिनुहुन्छ, बलियो हुनुहोस् ! परमेश्वरलाई थाहा छ र त्यसमा कारण रहेको छ !
कतिपय समयमा हामीले परमेश्वरको शक्तिशाली हातले हामीलाई कुच्याइरहेको महसुस गर्न सक्छौं । तपाईंलाई नष्ट गर्न होइन तर तपाईंलाई आकार दिनको लागि हो ।

*******


## URGENT

We require approximately 1000 Hindi Christian books for **our Nehemiah Bible Colleges**. Kindly inform us about the possibility of obtaining theological Hindi books.

**Please stop sending books in English and Tamil languages.** Thank you.

- Pr. S. Sam Selva Raj, Editor
+91-98412 71858

## URGENT NEED

**PRINCIPAL & TEACHERS**
**for**
**ST. PAUL'S MATRICULATION SCHOOL,**
**An *Echo of His Call* Institution**
**Vijayanagaram, Medavakkam, Chennai - 100.**

We need well qualified, experienced, dedicated, hard working and mission oriented Christians.
Apply with Bio-data to
E.mail: sam@echoofhiscall.org
WhatsApp: (+91) 98412 71858

## WANTED for

**NEHEMIAH BIBLE COLLEGE**
**of ECHO OF HIS CALL, Chennai**
**(ATA - Registered Candidate for Membership)**

**DEAN (Residential):**
Hindi Theologian with M.Div. / M.Th. Degree & experience. Boarding, Lodging and Salary will be paid.
Eligible candidates may send bio--data to:
E.mail: sam@echoofhiscall.org
WhatsApp: (+91) 98412 71858

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## बोलावटको प्रतिध्वनि

**यूट्यूब**

जब तपाईंको समय हुन्छ कृपया हाम्रो Echo of His Call You Tube च्यानल हेर्नुहोला र सस्क्राइब गरिदिनुहोला । – सम्पादक

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/24-26**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**

on 16th FEBRUARY 2024

**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

## *JESUS LOVES YOU!*

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**